कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

# आ.व. २०८२/०८३ को लागि कवाडी कर संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बोलपत्र फाराम

**ठेक्का नः- Kageshwori/Revenue/NCB/02/082-083**

२०८२, भाद्र

"सबल, सक्षम, सुशासनयुक्त विकासमुखी स्थानीय सरकार"

# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौ
बागमती प्रदेश, नेपाल

## जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०५।०९

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो अधिकार क्षेत्रको करको दर तोक्ने तथा उठाउने अधिकार स्थानीय तहलाई दिएको छ । उक्त कार्यको लागि कागेश्वरी मनोहरा नगरपालिकाको नगर सभाद्वारा जारी गरिएको आर्थिक ऐन, २०८२ को दफा ६, यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची-०५ मा निर्धारित विभिन्न करको दररेट एवं यस बोलपत्रमा तोकिएको शर्तहरुको अधीनमा रहि यस नगरपालिकाको क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन गर्ने कार्यको लागि राष्ट्रिय स्तरमा E-Bidding बाट ठेक्का बढाबढको माध्यमबाट रितपूर्वक बोलपत्र पेश गर्न बोलपत्र आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहायको शर्तहरुका अधीनमा रही तोकिएको मिति र समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Web Portal: www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरु

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट download गरी प्राप्त गर्न सकिने छ । सो को लागि रु. ३,०००।- (अक्षरेपि रु. तीन हजार रुपैयाँ मात्र) (पछि फिर्ता नहुने गरी) निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको Scanned copy (pdf format) बोलपत्र सम्बन्धी कागजात electronic submission गर्दा संलग्न गरी पेश गर्नु पर्नेछ ।

**बैंकको विवरण**

बैङ्कको नामः- NIC Asia Bank Limited
खातावालाको नामः- कागेश्वरी मनोहरा नगरपालिका
खाताको नामः ग १.१ आन्तरिक राजश्व खाता
खाता नं.: ०१८२०५००२९५४५००२

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौ
बागमती प्रदेश, नेपाल

२. बोलपत्र फारामसाथ धरौटी बापत मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको NIC Asia Bank Ltd., थली शाखामा रहेको धरौटी खाता नं. 18CA051127352401 मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाको बैंक ग्यारेन्टी (बिडबण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ । साथै फर्म वा कम्पनीको नवीकरण गरिएको इजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रलाई Scan गरेर PDF Format मा upload गरी मिति २०८२।०६।०८ गते दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ ।

३. प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८२।०६।०८ गते दिनको ठिक १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन दिनको १२:०० बजे सम्म दाखिला गर्ने तथा सोही दिनको १:०० बजे बोलपत्र खोल्ने समय कायम हुनेछ ।

५. कुल कबोल अंकलाई ३ किस्ता कायम गरिने छ । पहिलो किस्ता बापत कुल कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम सम्झौता हुन अगावै बुझाउनु पर्नेछ। दोश्रो किस्ता बापत कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम सम्झौताको मितिले ५ महिनाभित्र र तेश्रो किस्ता बापत कबोल अंकको २० प्रतिशतले हुन आउने रकम जेष्ठ मसान्त सम्म बुझाउनु पर्नेछ। सम्झौता उल्लिखित किस्ता रकम समयमानै दाखिला नगरेमा बाँकी रकममा १० (दश) प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

६. प्रथम किस्ता बुझाएपछि बाँकी हुन आउने रकमको २०८४ श्रावण मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bank Guarantee) पेश गर्नुपर्नेछ ।

७. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन ।

८. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

९. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्व:घोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

१०. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

११. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने आयकर मुल्य अभिवृद्धीकर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनुपर्ने सम्पुर्ण रकम र कर बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुनेछ ।

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. जडीबुटी, कबाडी र जीवजन्तु करको दर कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा ६, अनुसूची-०५ तथा प्रचलित कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. जडीबुटी, कबाडी र जीवजन्तु कर संकलन गर्ने सम्बन्धी कार्यको अवधी २०८३ असार मसान्तसम्म कायम हुनेछ ।

१५. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

## कवाडी करको ठेक्का सम्बन्धमा

## Bill of Quantity (BOQ)

ठेक्का नं.: Kageshwori/Revenue/NCB/02/2082-83

न्यूनतम कबोल अंक रु. ४५,४३,१६५।- (अक्षरेपि रु. पैंतालीस लाख त्रिचालीस हजार एक सय पैसठ्ठि रुपैयाँ मात्र ।) मू.अ. कर समेत

| कर उठाउन पाउने स्रोतको विवरण | न्यूनतम कबोल अंक (मू.अ कर बाहेक) | आफूले कबोल गर्न चाहेको रकम (मू.अ. कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| जडीबुटी कवाडी र जीवजन्तु कर | रु. ४०,२०,५००।- | | | |

बोलपत्रदाताको विवरण:-

फर्मको नाम:

प्रोपाइटरको नाम:

स्थायी ठेगाना: जिल्ला________ नगरपालिका/गा.पा________ वडा नं.________

दस्तखत टेलिफोन नं. मोबाइल नं.

सम्पर्क ठेगाना: जिल्ला________ नगरपालिका/गा.पा________ वडा नं.________

दस्तखत टेलिफोन नं. मोबाइल नं.

गरी रातो स्टिकर टाँस गरेको मिति तथा आ.व. २०८०/०८१ देखि व्यवसाय दर्ता दस्तुर तथा बहाल कर असुल गरिनेछ।

(ड) नगरपालिकामा दर्ता नगरी सञ्चालन भएको व्यवसायहरू नगरपालिकाले सूचना गरेको ३५ दिनभित्र अनिवार्य रूपमा दर्ता गर्नुपर्नेछ । नगरपालिकाको सूचना/पत्रलाई अवज्ञा गरी व्यवसाय सञ्चालन गरेको पाइएमा नगरपालिकाले व्यवसाय बन्द गर्न सक्नेछ ।

(ढ)माथी पुँजी अनुसार वर्गीकृत व्यवसायहरुको वार्षिक व्यवसायकर उल्लेख नभएको अवस्थामा सबै भन्दा नजिकको पुँजी लाई आधार मानी व्यवसाय कर असुल गर्ने ।

## अनुसूची — ५
(दफा ६ सँग सम्बन्धित)

## जडीबुटी, कवाडी मालसामान र जीवजन्तु करको दररेट

नगरपालिकाले व्यावसायिक कारोबारमा देहायको दररेटमा जडीबुटी, कवाडी मालसामान र जीवजन्तु कर लिइनेछ:

| सि.नं. | करको शीर्षक | करका दर रु. | कैफियत |
|---|---|---|---|
| १ | झिण्डु | ५० पैसा प्रति कि.ग्रा. | यस बमोजिमको राजस्व रकम राजस्व शीर्षक नं. १४२१२ सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम शीर्षकमा दाखिला गर्नुपर्नेछ । |
| २ | गार्मेट टुक्रा | ५० पैसा प्रति कि.ग्रा. | |
| ३ | जलेको मोबिल | २५ पैसा प्रति कि.ग्रा. | |
| ४ | जुट र प्लाष्टिक बोरा | २० पैसा प्रति कि.ग्रा. | |
| ५ | कार्पेट टुक्रा | ५० पैसा प्रति कि.ग्रा. | |
| ६ | टायरट्यूब | ५० पैसा प्रति कि.ग्रा. | |
| ७ | थोत्रो टिन | ५० पैसा प्रति कि.ग्रा. | |
| ८ | पुरानो ड्रम | ५० पैसा प्रति कि.ग्रा. | |
| ९ | पुरानो कागज | रू.५० पैसा प्रति कि.ग्रा. | |
| १० | धातुका टुक्रा | | |
| | १. फलाम | रू. २ प्रति कि.ग्रा. | |
| | २. तामा, पित्तल | रू. ४ प्रति कि.ग्रा. | |
| | ३. मेसिनरीऔजार | रू. २ प्रति कि.ग्रा. | |
| | ४. पोलिथिन पाइप | रू. १ प्रति कि.ग्रा. | |
| | ५. सिसाको धुलो | रू. ४ प्रति कि.ग्रा. | |
| | ६.प्लास्टिक सामान | रु २ प्रति कि.ग्रा. | |
| ११ | प्रचलित कानूनले निषेध गरेको-बाहेक मरेका वा मारिएका पशुका | | |
| | १. हाड | रू.१ | यस बमोजिमको राजस्व रकम राजस्व शीर्षक नं. ११६३२ अखेटो |
| | २. सिङ | रू.२ | |
| | ३. छाला ठूलो | रू. ३० प्रतिगोटा | |

| सि.नं. | करको शीर्षक | करका दर रु. | कैफियत |
|---|---|---|---|
| | ४. छाला सानो | रू. १५ प्रतिगोटा | पहरामा लाग्ने कर शीर्षकमा दाखिला गर्नुपर्नेछ । |
| | ५. पन्छीको प्वाँख | रू. १ प्रतिकिलो | |

पुनश्चः

१. व्यवसायीले जडीबुटी, कवाडी मालसामान तथा जीवजन्तु करजन्य सामाग्रीहरू यस नगरपालिकाको सिमानाबाट निकासी गर्नु अघि निकासी गरेको मालसामान र सो को परिमाण स्वः घोषणा गरी वडा कार्यालयमा तोकिए बमोजिम कर तिर्नुपर्नेछ ।

२. जडीबुटी, कवाडी मालसामान तथा जीवजन्तु करजन्य सामाग्रीहरु स्वः घोषणा गरेको परिमाणभन्दा बढी वा घटी भई सङ्घीय, प्रादेशिक वा स्थानीय कानून बमोजिम कारवाही हुने भएमा सो को जिम्मेवार स्वयम् व्यवसायीको हुनेछ ।

३. राजस्व शाखा, वडा कार्यालय तथा नगर प्रहरीले जुनसुकै बखत कवाडी सङ्कलन, भण्डारण स्थल तथा लोड भइसकेको मालबाहक सवारी साधनको चेकजाँच गर्न सक्नेछ ।

४. नगर कार्यपालिकाको कार्यालयले यस नगरपालिका क्षेत्रमा संचालन भएका जडिबुटी, कवाडी र जीवजन्तुको कर ठेक्कामां लगाउन सक्नेछ ।